# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था  पियर रिभ्यू बोर्डको सूचना

यस संस्थाद्वारा जारी गरिएको Statement on Peer Review को आधारमा यस संस्थामा दर्ता भएका लेखाव्यवसायी फर्महरुले आ-आफ्नो फर्मको पियर रिभ्यु गराउनु पर्दछ । लेखाव्यवसायीहरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्युनतम विधिहरु सही ढंगबाट अपनाई सोको अभिलेख राख्नुपर्दछ ।

पियर रिभ्यु भनेको माथि उल्लेखित अभिलेखको आधारमा लेखाव्यवसायी फर्महरुले लेखापरीक्षण कार्य सम्पन्न गर्दा अपनाउनुपर्ने न्युनतम विधिहरु सही ढंगबाट अपनाएका छन्/छैनन् भन्ने पुनरावकोलन गर्ने विधि हो । पियर रिभ्यु प्रतिवेदनमा सम्बन्धित लेखाव्यवसायी फर्महरुको कार्यसम्पादन, क्षमता, गुणस्तरमा अभिवृद्धि तथा कार्यकुशलता ल्याउन के-कस्तो सुधार गर्नुपर्छ भन्ने उल्लेख गरिन्छ । लेखाव्यवसायी फर्महरुले राखेको अभिलेख सन्तोषजनक नपाईएमा त्यसमा सुधार गर्ने मौका समेत दिईन्छ ।

पियर रिभ्यु संस्थाबाट तालिम प्राप्त सदस्यहरुबाट गराईन्छ तथा पियर रिभ्यु प्रकियाका सम्पुर्ण गतिविधिहरुको पूर्ण गोपनीयता कायम रहने व्यहोरा जानकारी समेत गराइन्छ । साथै पियर रिभ्यु प्रतिवेदनमा उल्लेख गरिने विवरणहरु अनुशासनको कारवाहीसँग कुनै पनि किसिमले सम्बन्धित नरहने व्यहोरा समेत जानकारी गराईन्छ ।

यस संस्था अर्न्तगत रहेको पियर रिभ्यु बोर्डले धितोपत्र विनिमय बजारमा सुचीकृत भएका निकायहरु तथा Public Sector Undertakings को लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुको अनिवार्य रुपले पियर रिभ्यु गराउने निर्णय गरेको छ । तसर्थ यस्ता सम्पूर्ण लेखाव्यवसायी फर्महरुले आ-आफ्नो पियर रिभ्यु गराउन यस संस्थामा आवेदन दिनुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

पियर रिभ्युको लागि आवेदन प्राप्त नभएका लेखाव्यवसायी फर्महरुको पियर रिभ्युको लागि यस संस्थाद्वारा तोकी पठाउने समेत जानकारी गराईन्छ ।

**पियर रिभ्यु बोर्ड**

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**The Institute of Chartered Accountants of Nepal**

*(Established Under the Nepal Chartered Accountants Act, 1997)*

**Babarmahal, Kathmandu, Nepal,**

**PO Box: 5289, Tel: 4258569, 4269130, 4255668, Fax: 4258568**

*E-mail: ican@ntc.net.np, Website: www.ican.org.np*